**मिती : २०७६।०६।१२ गते समय : साझ ५ : ०० बजे**

**बैठक संख्या : ६०** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७६।०६।१२ गते समय : साझ ५ : ०० बजे**

यस राप्ती नगरपालिका , नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**<u>उपस्थिति</u>**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

क.अ. श्री रमेश चौधरी

**मिती : २०७६।०६।१२ गते समय : साझ ५ : ०० बजे**

**प्रस्तावहरु**

१. वैज्ञानिक सरोज प्रजालाई सहयोग गर्ने सम्बन्धमा ।
२. खगेन्द्रमल्ली चेकपोष्ट देखि जिन्दगानीघाट सम्म डुङ्गा संचालन गर्ने सम्बन्धमा ।
३. असोज १४ गतेको अन्तराष्ट्रिय वृद्धा दिवस मनाउने सम्बन्धमा ।
४. विभिन्न खेल, जितिया पर्व र तिजको कार्यक्रम सम्बन्धमा ।
५. फोहोर व्यवस्थापन सम्बन्धमा ।
६. दररेट पास गर्ने सम्बन्धमा ।
७. नगरपालिका भवनको २ तल्ला माथीको टेण्डर गर्ने सम्बन्धमा ।
८. नगरपालिका भवन अगाडी माटो पुर्ने सम्बन्धमा ।
९. बत्तीहरु जडान गर्ने सम्बन्धम ।
१०. नगर मेलमिलाप समिति अध्यक्षलाई संचार र यातयात खर्च सम्बन्धमा ।
११. सिटीहलको DPR सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती-२ बस्ने असिमित प्रतिभाका धनी श्री सरोज प्रजाले बाटो नभएको स्थानमा हेलि कप्टर जस्तै उड्ने र बाटो भएको ठाउँमा गुड्न सक्ने खालको एम्बुलेन्स बनाउने योजना गरी सोको लागि मेसिन र बेङ्डिङ मेसिन खरिद गर्न करिव ३०००००। तीन लाख सहयोग पाउन दिनु भएको निवेदनको सम्बन्धमा प्रदेश सरकार प्रदेश नं. ३ मा उक्त कार्य गरि दिन सिफारिस गरी पठाउने र प्रदेशबाट सम्बोधन हुन नसकेमा नगरपालिकाबाटै उक्त माग बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट सडवा चमेना हाउस राप्ती-६ ले राप्ती नदीको खगेन्द्र मल्ली रेञ्जपोष्ट देखी जिन्दगानी घाट सम्म डुङ्गाद्धारा पर्यटक घुमाउने र नदी तार्ने कार्य गर्न अनुमती पाएको सड्वा हाउसले सो ठाउँको राप्ती एकता मध्यवर्ती सामुदायिक बन उपभोक्ता समुहलाई सो कार्य गर्न दिएको र बन उपभोक्ता समुहले डुङ्गा खरिद गर्न ५०००००। पाच लाख बजेट माग भइ आएकोले यस नगरपालिकाबाट डुङ्गा खरिद गरी VAT विल सहित माग गरेमा रु १०००००। उपलब्ध गराउने निर्णय गरियो ।

**मिती : २०७६।०६।१२ गते      समय                           : साझ ५ : ०० बजे**

**<u>निर्णय नं. ३</u>**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा असोज १४ गतेको अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस मनाउने सम्बन्धमा राप्ती नगरपालिका भरीका १०० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई निजहरु कै निवासमा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत,  विज्ञहरु, कार्यपालिकाका सम्पूर्ण सदस्य सहित गइ शुभकामना र बस्तुगत तथा नगद रकम दिइ सम्मान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिका भित्र विभिन्न  , खेलकुद चाड पर्वहरु तीज, जितीया, दशै, तिहार, ल्होछार आदि कार्यक्रमहरुमा सहयोग एकद्धार प्रणालीबाट (नगरपालिका वा वडाबाट) गर्ने, नगरबाट दिइने खेलकुदको सहयोग दोस्रो पुरस्कार नगरपालिकाले दिने, वडा स्तरका तिज, जितिया, दशै र तिहारलाई वडाले व्यवस्थापन गर्ने, वडा भन्दा माथिल्लो स्तर आएमा वा क्षेत्रीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका कार्यक्रममा नगरपालिकाबाट प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत समेतको संयुक्त निर्णयबाट उचित सम्बोधन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राप्ती नगरपालिका-२ कुपन टोलमा फोहोर व्यवस्थापन कार्य सुचारु नहुञ्जेल सम्म वडाहरुले नगरपालिकासँग समन्वय गरी आ-आफ्नो वडाको फोहोर व्यवस्थापन कार्य गर्न निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा जिल्ला समन्वय समिति चितवन तथा चितवन जिल्लाका अन्य स्थानीय तहहरुले गरेको आ.व. ०६६/७७ को दररेटलाई मुख्य आधार मानी राप्ती नगरपालिका स्थानीय दररेट निर्धारण समितिबाट स्वीकृतीको लागि सिफारिस भइ आएको राप्ती नगरपालिका आ.व. ०७६/७७ को स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७</u>**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिका भवनको निर्माण कार्य तिव्र रुपमा भइ रहेको छ । पूर्ण रुपमा निर्माण हुदा ५ तले हुने उक्त भवनको हाल वेसमेन्ट र २ तल्ला सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । स्थानीय विकास तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकाहरुको भवन निर्माण गर्दा उपयुक्त हुने भनी नमुना पठाएको  Model-2 को भवनको पुरा कार्य गर्न अव बाँकी रहेको सम्पूर्ण कार्य गर्ने गरी बोलपत्र अव्हान गर्ने कार्य अघि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ८</u>**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती नगरपालिकाको हाल निर्माणधिन भवनको अगाडी खाल्टो भागमा माटो पुरी सम्म बनाउने ढल राख्ने चौकीदार घर, क्यान्टिन, बगैचा आदी बनाउन आवश्यकता अनुसार DPR गरी बोलपत्र आव्हान गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**मिती : २०७६।०६।१२ गते समय : साझ ५ : ०० बजे**

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा पूर्व पश्चिम लोकमार्गमा सोलार बत्तीको व्यवस्था गर्दै सवै वडामा २/२ वटा सोलार बत्तीको पुग्ने गरी गत आ.व. को मौज्दातको सि.नं0 १४ विभिन्न योजना संचालन शीर्षकबाट समेत लागत व्यहोर्ने गरी बोलपत्रको माध्यमबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा नगर मेलमिलाप समितिका अध्यक्ष श्री पुष्पराज ओलीलाई संचार खर्च रु २०००। यातायात खर्च रु २०००। र खाजा खर्च ३०००। गरी मासिक रु ७०००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा राप्ती-४ डडुवामा निर्माण गर्ने गरी तयार गरिएको DPR अध्ययन गरी सोही डिजाइन बमोजिम वा डिजाइन संशोधन गरी अर्को DPR बनाई राप्ती-२ बुद्धशान्ति मा.वि. गड्यौलीको जग्गामा निर्माण गर्न वोलपत्र आव्हान गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।